नेपाल सरकार

अर्थ मन्त्रालय, सिंहदरवारको

# हवाई टिकट खरिद सम्वन्धी सिलवन्दी वोलपत्र आह्वानको सूचना

**पुनःप्रकाशित मिति २०७१/६/२६)**

यस मन्त्रालयलाई चालु आ.व.२०७१।७२ का लागि आवश्यकतानुसार आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई टिकट सिलवन्दी वोलपत्रद्वारा खरिद गर्नको लागि मूल्य अभिबृद्धि कर/आयकरमा दर्ता भएका फर्म वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र सिलवन्दी वोलपत्र प्रस्ताव आह्वान गरिएकोछ । सिलवन्दी वोलपत्र फाराम यस मन्त्रालयको आर्थिक प्रशासन शाखाबाट रु. १०००/(फिर्ता नहुने गरी) वुझाए पछि स्टोर शाखाबाट खरिद गर्न सकिनेछ । वोलपत्र फाराम पेश गर्दा रु. १,००,०००/(अक्षेरुपी रु. एक लाख) सिंहदरवार स्थित को.ले.नि.का. केन्द्र नं. ४ मा रहेको एभरेष्ट वैंकको धरौटी खाता नं. १३५००१/०७१ मा जम्मा गरेको सक्कल भौचर साथ पेश गर्नु पर्नेछ । सिलवन्दी वोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । सिलवन्दी वोलपत्र फाराम ३१ औं दिन १२:०० वजेसम्म दर्ता गरी सोही दिनको २:०० वजे यस मन्त्रालयमा खोलिनेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोही स्थान र समयमा खोलिनेछ । सिलवन्दी वोलपत्र पेश गर्ने फर्म वा संस्थाले वोलपत्र साथ आयकर/मू.अ.क. मा दर्ता भएको प्रमाणपत्र, २०६९/७० को कर चुक्ता प्रमाण-पत्र, इजाजत-पत्र तथा नियमानुसार आवश्यक अन्य कागजातहरु पेश गर्नु पर्नेछ । सिलवन्दी वोलपत्र स्वीकृत भए पश्चात उक्त फर्म वा संस्थाले थप रु १,००,०००/ (अक्षेरुपी रु. एक लाख) को धरौटी रकम दाखिला गर्नु पर्ने छ । वोलपत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहनेछ । वोलपत्र सम्वन्धी यस सूचना मन्त्रालयको website: www.mof.gov.np मा हेर्न सकिने छ । साथै थप जानकारी आवश्यक परेमा फोन नम्वर ४२११३६१ बाट पनि वुझ्न सकिने छ । अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।